# छात्रवृत्ति नीति तथा प्रक्रिया

२०७६

## कपिलवस्तु बहुमुखी क्याम्पस
## तौलिहवा, कपिलवस्तु

## छात्रवृत्ति नीति तथा प्रकिया २०७६

### १) नीतिको मुख्य लक्ष्य

कपिलवस्तु बहुमुखी क्याम्पस गुणस्तरिय उच्च शिक्षा प्रदान गरि समाज परिर्वतन तथा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य सहित स्थापना भएको हो । कपिलवस्तु बहुमुखी क्याम्पस ले समतामुलक उच्च शिक्षामा पहुच तथा समावेशी उच्च शिक्षालाई प्राथमिकता दिई अगाडि बढि रहेको छ । साथै यो छात्रबृत्ति नीतिले समतामुलक, निपष्क्ष र व्यवस्थित रुपमा छात्रवृत्ति प्रकियालाई निर्देशित गर्ने छ ।

### २) उदेश्य

छात्रवृतिवाट लाभान्वित विद्यार्थीहरु, कहिले, कसरी, कसका जिम्मेवारी तथा प्रकिया के हुन भन्ने विषयलाई निर्देशित गर्ने छ ।

### ३) छात्रवृत्ति को प्रकार

निम्न प्रकारको छात्रवृत्ति प्रदान गरिने छ :

| छात्रवृत्ति को प्रकार | प्रतिशत (मासिक शिक्षण शुल्कमा) |
|---|---|
| जेहेन्दार वा वार्षिक परिक्षा प्रथम | १००% |
| बञ्चित समुदाय (दलित, जनजाति, पिछाडवर्ग) तथा नेपाल सरकार ले तोकेको जात वा जनजाति | २५% |
| दुर्गम | २५% |
| खेलाडी | २५% |
| अपांग | २५% |
| अन्य | संचालक समितिले तोके बमोजिम |

*नोट : नेपाल सरकार तथा विश्वविद्यालयको निति अनुसार छात्रवृत्तिको संख्या वा प्रकार फरक हुन सक्नेछ ।*

**४) छात्रवृत्ति उप समिति**

| | |
|---|---|
| क्याम्पस संचालक समितिका अध्यक्ष वा तोकेको व्यक्ति : | संयोजक |
| विभागिय प्रमुख बाट १ जना (स.स.अध्यक्षवाट मनोनित) | सदस्य |
| आन्तरिक गुणस्तर सुनिश्चतता उप समितिका संयोजक : | सदस्य |
| लेखा प्रमुख : | सदस्य |
| क्याम्पस प्रमुख : | पदेन सदस्य सचिव |

**४.१) छात्रवृत्ति समितिको काम, कर्तव्य अधिकार**

४.१.१) छात्रवृत्तिको लागि विद्यार्थी छनौट प्रकिया तय गर्ने ।

४.१.२) छात्रवृत्तिको लागि सुचना प्रकाशित गर्ने ।

४.१.३) छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्ने ।

४.१.३) छात्रवृत्तिको लागि विद्यार्थी छनौट गरि छात्रवृत्तिको लागि क्याम्पस प्रशासनलाई सिफारिश गर्ने ।

४.१.४) छात्रवृत्ति प्रदान प्रकिया अनुगमन गर्ने ।

४.१.५) छात्रवृत्ति प्रदान प्रकियाको तथ्याङ्क अद्यावधिक गर्ने

**५) छात्रवृत्ति निवदेन दिने प्रकिया**

विद्यार्थीहरुले छात्रवृत्तिको लागि तपसिल बमोजिम कागजात सहित निवेदन दिनु पर्ने छ :

५.१) क्याम्पसले तोकेको फारमेटमा निवेदन

५.२) विद्यार्थीको नागरिकताको छाया प्रति

५.३) सम्बन्धित वडा कार्यालयको सिफारिश

५.४) अभिभावकको सहमतिपत्र

५.५) शैक्षिक प्रमाण पत्रहरु

## ६) छनौट प्रकिया

तपसिल बमोजिमको प्रकिया पुरा गरि छात्रवृत्ति समितिले छात्रवृत्तिको लागिनिवेदक विद्यार्थी छनौट गर्ने छ ।




### ६.१) निवेदन

समितिवाट तोकिएको ढाचामा विद्यार्थीहरुले तोकिएको मिति भित्रमा निवेदन क्याम्पसको प्रशासन शाखामा बुझाउने छ ।

६.२) **स्कीनिङ्ग**:छात्रवृत्तिको प्रकार अनुसार सम्बन्धित विद्यार्थीहरु योग्य भएको नभएको आधार निवेदक विद्यार्थीहरुको स्कीनिङ्ग गरिने छ ।

६.३ **सर्ट लिस्टिङ्ग**:छात्रवृत्ति समितिले तोकेको मापडण्डको आधारमा सर्ट लिस्टिङ्ग (योग्य र अयोग्य) विद्यार्थीहरु छनौट गरिने छ ।

६.४ **रेङ्कङ्ग : सर्ट** लिस्टिटेड विद्यार्थीहरुको तोकिएको मापडण्डको आधारमा विद्यार्थीहरुको रेङ्किङ्ग गरिने छ ।

६.५) **अन्तरवार्ता** :उप समितिवाट तोकेको मापडण्ड तथा मुल्याङ्कन विधिको आधारमा अन्तरवार्ता संचालन गरि मुल्याङ्कन गरिने छ ।

६.६ **छनौट :** छनौट गरिएका विद्यार्थीहरुको नामावली प्रकशित गरिने छ, सो को लिखित जानकारी  क्याम्पस प्रमुखलाई लाई दिईने छ । क्याम्पस प्रमुखले सम्बन्धित लेखा शाखा तथा विभागिय प्रमुखलाई जानकारी गराई कार्यान्वयन गर्न निर्देशन दिने छ ।

७) यो नितिक्याम्पस संचालक समितिले स्वीकृत गरको मितिवाट लागु हुने छ । साथै समय सापेक्ष शंसोधन क्याम्पस संचालक समिर्ति गर्ने छ ।

स्थापित २०४० कपिलवस्तु तौलिहवा,नेपाल शिक्षा एवं मानविकी तथा सामाजिक शास्त्र